## नेपाल सरकार, मन्त्रिपरिषद्‌को २०८२ कात्तिक २४ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | एमसिए-नेपालले निर्माण गर्ने ४०० के.भि. विद्युत प्रसारणलाइनको लागि आवश्यक नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, तनहूँ, चितवन, धादिङ, सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट र मकवानपुर जिल्लामा पर्ने विद्युत प्रसारणलाइनको मध्य रेखाबाट २३ मिटर दायाँ र २३ मिटर बायाँमा पर्ने करिब १३८१ हेक्टर क्षेत्रफलका जग्गामा कुनै प्रकारको संरचना निर्माण गर्न तथा रुख रोप्न नपाउने गरी निषेध गर्ने। |
| २ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | भारतको विशाखापटनम्मा २०८२ कात्तिक २८ देखि २९ गतेसम्म आयोजना हुने 30th Partnership Summit, 2025 मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिल कुमार सिन्हालाई स्वीकृति प्रदान गर्ने। |
| ४ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |
| ५ | गृह मन्त्रालय | जग्गा धनी श्याम प्रसाद श्रेष्ठलाई हाल जिल्ला प्रशासन कार्यालय, स्याङ्जाको कार्यालय रहेको जग्गाको क्षतिपूर्ति वापत एक करोड रुपियाँ उपलब्ध गराउने। |
| ६ | गृह मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगमा निजामतीतर्फ ४ र नेपाल प्रहरीतर्फ ११ थप कर्मचारी उपलब्ध गराउने। |
| ७ | गृह मन्त्रालय | २०८२ कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने Nepal-India Coordination Meeting को ९औं बैठकमा सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक श्री राजु अर्यालको संयोजकत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ८ | गृह मन्त्रालय | नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा अतिरिक्त प्रहरी महानिरीक्षक श्री दानबहादुर कार्कीलाई बढुवा गर्ने। |
| ९ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूउपयोग (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | साविक रेशम खेती विकास कार्यक्रम धनकुटाको नाममा दर्ता रहेको धनकुटा नगरपालिका वडा नं. ७ स्थित जम्मा २५ रोपनी ५ आना तीन |

| | | |
|---|---|---|
| | | पैसा जग्गा प्रादेशिक अस्पताल निर्माणका लागि उपयोग गर्न दिन स्वीकृति दिने। |
| ११ | युवा तथा खेलकुद मन्त्रालय | २०८२ फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न स्वीकृति दिने। |
| १२ | रक्षा मन्त्रालय | नेपाली सेनाका दुई जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने। |
| १३ | रक्षा मन्त्रालय | नेपाली सेनाद्वारा सञ्चालन हुने तालिमहरूको सहयोगार्थ नेपाली सेना र Office of Defense Cooperation (ODC), US Embassy बिच सम्पन्न भएको समझदारीपत्रको अवधि दुईवर्ष थप गर्न स्वीकृति दिने। |
| १४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०८२ मङ्सिर ८ देखि १२ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा आयोजना हुने IAEA School on Nuclear and Radiological Leadership for Safety and for Nuclear Security कार्यक्रममा सचिव (विज्ञान प्रविधि) श्री विश्ववावु पुडासैनीलाई सहभागी हुन स्वीकृति दिने। |
| १५ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य बीमा बोर्ड, काठमाडौं; गेटा अस्पताल, धनगढी, कैलाली; सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरा, बाँके; डडेल्धुरा अस्पताल, डडेल्धुरा र कान्ति बाल अस्पताल, काठमाडौंको आ.व. ०८२/८३ का लागि अधिकृतस्तरका २५६ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १६ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य सेवा विभागको महानिर्देशक पदमा कार्यरत अतिरिक्त स्वास्थ्य सचिव (अधिकृत बाह्रौं तह) डा. टंक प्रसाद बारकोटीले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |
| १७ | मधेस प्रदेशका प्रदेश प्रमुख श्री सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गर्न र श्री सुरेन्द्र लाभ कर्ण, धनुषालाई मधेस प्रदेशको प्रमुखमा नियुक्ति गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |